केदारस्युँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउरा, बझाङ्ग

पत्र संख्या ०७३।०७४

चलानी नं.

मिति : २०७४।०९।१२

(दोस्रो पटक प्रकाशित मिति : २०७४।०९।१२)

## विषय – IT Officer भर्ना सम्बन्धी केदारस्युँ गाउँपालिकाको सूचना ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामाजिक विकास कार्यक्रम (LGCDP), कार्यक्रम समन्वय इकाई, सिंहदरबार काठमाण्डौको प.सं. ०७४।०७५, च.नं. १२७, मिति २०७४।०७।१७ को सूचना प्रविधि अधिकृतको करार सेवा सम्बन्धको पत्रानुसार यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि सूचना प्रविधि अधिकृत (IT Officer) सेवा करारमा नियुक्ति लिनुपर्ने भएकोले इच्छुक उम्मेदवारहरुले गाउँ कार्यपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१ **आवेदन दिने अन्तिम मिति :** २०७४।०९।१८ गते कार्यालय समय भित्र ।

२ **शैक्षिक योग्यता :** लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक, BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc. IT, BSc. CSIT को उपाधि हाँसिल गरेको ।

३ **सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण (TOR) :** मिति २०७४।०३।२८ गतेको सचिव स्तरिय निर्णयमा स्वीकृत भए बमोजिम ।

४ **संलग्न गर्नुपर्ने कागजातहरु :** व्यक्तिगत विवरण (Bio data), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु ।

५ **आवेदन दिने प्रक्रिया :** बुँदा नं. ४ मा भएका कागजातहरु एवं बुँदा नं. ६ मा तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक, चैनपुर, बझाङ्ग स्थित यस कार्यालयको राजस्व खाता नं. ग ५-१/ ४१११०३०५०१९१११ वा यस कार्यालयको लेखा शाखामा जम्मा गरी सो को भौचर संलग्न राखि हुलाक, इमेल वा स्वयं उपस्थित भइ आवेदन दिन सकिने ।

६ **आवेदन शुल्क :** रु. १०००।– मात्र ।

७ **तलब स्केल :** रु. ४७,५००।– (आधारभूत तथा दुर्गम भत्ता समेत) ।

८ **करार अवधि :** २०७५ साल आषाढ मसान्तर सम्म ।

९ **उम्मेदवार छनौटका आधारहरु :**

| क्र.सं. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | ३० |
| २ | कार्यअनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेपश्चात) | ४० |
| ३ | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४ | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunteer वा Expert अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको भएमा | १० |

१० **थप जानकारीको लागि सम्पर्क नं. :** ९८५८४५४८३५, ९८६५६८२०६२

११ **सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।**

केदारस्युँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउरा, बझाङ्ग
७ नं. प्रदेश, नेपाल

पत्र संख्या ०७३।०७४
चलानी नं.

मिति : २०७४।१०।२३

(प्रथम पटक प्रकाशित मिति : २०७४।१०।२३)

**विषय– महिलाहरुको लागि ३ महिने व्यावसायिक सिलाई कटाई सम्बन्धि तालिम सञ्चालनको लागि प्रस्तावना आह्वान सम्बन्धि सूचना ।**

यस गाउँपालिकाको गाउँसभाबाट पूँजीगत - सामाजिक विकास (प्रवर्द्धनात्मक) तर्फ विनियोजित युवा, महिला तथा दलित शशक्तिकरण कार्यक्रम अन्तरगत रहेर महिलाहरुको लागि ३ महिने व्यावसायिक सिलाई कटाई सम्बन्धि तालिम सञ्चालन गर्ने कार्यक्रम रहेको छ । सो कार्यक्रम सञ्चालन गर्नको लागि निम्न सर्तहरुको अधिनमा रहि इच्छुक तथा अनुभवी संघ – संस्थाहरुबाट कार्यक्रमको लागि सिलबन्दी प्रस्तावनापत्र आह्वान गरिएको छ ।

१. युवा, महिला, बालबालिका, दलित वर्गलाई लक्षित वर्ग मानेर विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका; सामाजिक परिचालन तथा सामाजिक शशक्तिकरणको क्षेत्रमा कार्यहरु गर्दै आइरहेका, व्यावसायिक तालिमहरु सञ्चालन गर्दै आइरहेका/ मनासय भएका संघ संस्थाहरुले आवेदन गर्न सक्नेछन् ।

२. यो सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यक्रमको प्रस्तावना पत्र, संस्था दर्ताको प्रमाण पत्र, नविकरण, वार्षिक करचुक्ताको प्रमाणको प्रतिलिपिहरु पेश गर्नुपर्नेछ ।

३. तालिम अवधि ३ महिनाको रहनेछ । तालिम कार्यक्रममा न्यूनतम ३० जना सहभागिता गराउनुपर्नेछ, सहभागिहरुको लागि तालिम अवधिभर दैनिक खाजा – खाना – बासको समेत व्यवस्था गर्नुपर्नेछ । तालिमको लागि आवश्यक पर्ने सिलाई – कटाई मेसिन/ औजारहरु गाउँपालिकाले उपलब्ध गराउने छ ।

४. तालिममा सहभागीहरुको छनौट गाउँपालिका आफैले गर्नेछ ।

५. तालिम कार्यक्रम केदारस्युँ गाउँपालिका वडा नं. १, देउरा बझाङ्गमा सञ्चालन गर्नुपर्नेछ ।

६. बुँदा नं. २ मा भएका कागजातहरु एवं प्रस्तावनापत्र दर्ता शुल्क रु. १०००।- राष्ट्रिय वाणिज्य बैंक, चैनपुर, बझाङ्ग स्थित यस कार्यालयको राजस्व खाता नं. ग ५-१/ ४११०३०५०१९१११ वा यस कार्यालयको लेखा शाखामा जम्मा गरी सो को भौचर संलग्न राखि हुलाक, स्वयं/प्रतिनिधि उपस्थित भइ प्रस्तावना पत्र दर्ता गर्न सकिने छ ।

७. प्राप्त शिलबन्दी प्रस्तावनापत्रहरु यो सूचना प्रकाशन भएको मितिले १६औँ दिन यस गाउँकार्यपालिकाको कार्यालयमा दिनको ठिक ३:०० बजे प्रस्तावकहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ र सो दिन विदा परेमा सो को भोलिपल्ट सोही स्थान र समयमा प्रस्तावनापत्रहरु खोलिनेछ । तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

८. यस बाहेक कार्यक्रमका बारेमा अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समयमा केदारस्युँ गाउँकार्यपालिकाको कार्यालय, देउरा, बझाङ्गमा वा सम्पर्क नं. ९८५८४५४८३५ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

केदारस्युँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउरा, बझाङ्ग
७ नं. प्रदेश, नेपाल

पत्र संख्या ०७३।०७४
चलानी नं.

मिति : २०७४।११।०२

(प्रथम पटक प्रकाशित मिति : २०७४।११।०२)

## विषय– जग्गा उपलब्धता सम्बन्धि सूचना ।

यस गाउँपालिकाको वडा नं. १ स्थित रहेको रायल प्राथमिक स्वास्थ्य केन्द्रलाइ ५ शैयाको अस्पतालमा स्तरोन्नती गर्ने लक्ष्य गाउँपालिकाले राखेको छ । सो बमोजिम प्राथमिक स्वास्थ्य केन्द्रलाई ५ शैयाको अस्पतालमा स्तरोन्नती गर्नको लागि आवश्यक तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि जग्गा उपलब्ध गराउन इच्छुक जग्गाधनीहरुबाट जग्गा उपलब्धताको लागि शिलबन्दि निवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. उपलब्ध गराउन खोजेको जमिन कम्तीमा नौँ रोपनी हुनु पर्नेछ । हालको प्राथमिक स्वास्थ्य केन्द्रसँग जोडिएको स्थानमा सो भन्दा कम भए पनि हुनेछ । उपलब्ध गराउन खोजेको जमिन हाल रहेको प्राथमिक स्वास्थ्य केन्द्रको स्थानबाट बढीमा १२०० मी. सम्मको दुरीमा अवस्थित हुनुपर्नेछ ।
२. जग्गा उपलब्ध भएको स्थान भौगोलिक रुपमा सबैलाइ पाएक पर्ने, सुरक्षाको दृष्टिले उपयुक्त, प्राकृतिक प्रकोपको कम जोखिममा रहेको, खानेपानी उपलब्ध हुने श्रोतको सुनिश्चितता भएको, प्राकृतिक रुपमा स्वच्छ, मनोरम, हराभरा आदी भएको हुनुपर्नेछ ।
३. यो सूचना प्रकाशित मितिले १५ दिनभित्र इच्छुक जग्गाधनीले शिलबन्दी रुपमा निवेदन दिन सकिने छ ।
४. जग्गाको क्षतिपुर्ति; मुआब्जा निर्धारण समितिले निर्धारण गरे बमोजिम/ सरकारी दररेट बमोजिम/ सो भन्दा कममा उपलब्ध भएमा सोही बमोजिम उपलब्ध गराइनेछ ।
५. आफूले उपलब्ध गराउन चाहेको जग्गाको जग्गाधनी प्रमाणपुर्जा, नेपाली नागरिकताको प्रमाणपत्र, मालपोत तिरेको रसिदको प्रतिलिपी संलग्न गरी आफूले उपलब्ध गराउन चाहेको जग्गाबाट लिन चाहेको क्षतिपुर्ति दररेट (यसलाइ मुआब्जा निर्धारण समितिले सरकारी दररेट बमोजिम मुल्याङ्कन गर्न सक्नेछ) समेत अंक र अक्षरमा खुलाइ शिलबन्दी गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
६. बुँदा नं. ५ मा भएका कागजातहरु सहितको शिलबन्दी निवेदन; दर्ता शुल्क रु. १०००।- राष्ट्रिय वाणिज्य बैंक, चैनपुर, बझाङ्ग स्थित यस कार्यालयको राजस्व खाता नं. ग ५-१/ ४११०३०५०१९१११ वा यस कार्यालयको लेखा शाखामा जम्मा गरी सो को भौचर/ रसिद संलग्न राखि हुलाक, स्वयं/ प्रतिनिधि उपस्थित भइ निवेदन दर्ता गर्न सकिने छ ।
७. जग्गा लिने/ नलिने सम्बन्धमा निर्णयाधिकार यस गाउँपालिकालाइ हुनेछ । रीत नपुगी वा तोकिएको सुविधा भन्दा कम सुविधा भएको घरधनीबाट आएको निवेदन उपर कारबाही हुने छैन ।
८. प्राप्त शिलबन्दी निवेदनहरु यो सूचना प्रकाशन भएको मितिले १६औं दिन यस गाउँकार्यपालिकाको कार्यालयमा दिनको ठिक ३:०० बजे जग्गाधनीहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ र सो दिन विदा परेमा सो को भोलिपल्ट सोही स्थान र समयमा शिलबन्दी निवेदनहरु खोलिनेछ । तर निजहरुको अनुपस्थितिमा पनि निवेदनहरु खोल्न बाधा पुगेको मानिने छैन ।
९. विस्तृत विवरण वा जानकारी लिनुपर्ने भएमा कार्यालय समयमा केदारस्युँ गाउँकार्यपालिकाको कार्यालय, देउरा, बझाङ्गमा वा सम्पर्क नं. ९८५८४५४८३५ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।